म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १५१ विहीबार २८ पुस २०७९ ने. सं. ११४३ पेहेलागा 12 January, 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## थानाभ्याङबाट डिल र प्रकाश पक्राउ

हेटौंडा, २७ पुस/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा उपमहानगरपालिका-११ थानाभ्याङबाट लागूऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा राक्सिराङ गाउँपालिका-१ बस्ने वर्ष ६० को डिलबहादुर चेपाङ र सोही स्थान बस्ने १९ वर्षीय प्रकाश चेपाङ छन् । बिशेष सूचनाका आधारमा मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको ना. ८ ख ९५३ नम्बर बसलाई चेकजाँच गर्दा उक्त बसमा उनीहरुलाई ७ किलो लागूऔषध गाँजासहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उनीहरुलाई नियन्त्रणमा लिएर अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# सभामुख निर्वाचनको मनोनयन दर्ता आज

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बागमती प्रदेशसभा सभामुखको निर्वाचनका लागि आज विहीबार मनोनयन दर्ता हुँदैछ ।

पुस १८ गते सोमबार बसेको सर्वदलीय बैठकले सभामुखको निर्वाचनका लागि आज विहीबार मनोनयन दर्ता गर्ने निर्णय गरेको थियो । सभामुखको निर्वाचनको प्रक्रिया पुस २७ गतेदेखि नै सुरुवात गर्ने निर्णय गरेपनि त्यसलाई संशोधन गरेर एक दिन पछाडी सारिएको थियो ।

बागमती प्रदेशसभाका सचिव कृष्णहरि खड्काले सभामुखको निर्वाचनका लागि विहीबार २ बजेसम्ममा मनोनयन दर्ता गराउनुपर्ने कार्यतालिका रहेको जानकारी दिए । सभामुख चयनका लागि शुक्रबार निर्वाचन हुने सचिव खड्काले बताए । नेपालको संविधानको धारा १८२ को उपधारा १ बमोजिम प्रदेशसभाको पहिलो बैठक प्रारम्भ भएको मितिले १५ दिनभित्र प्रदेशसभाका सदस्यहरु मध्यबाट सभामुख निर्वाचन गर्नुपर्ने व्यवस्था रहेको छ ।

सोही व्यवस्थाबमोजिम प्रदेशसभा सचिवालयले आज बिहान साढे १० बजेदेखि २ बजेसम्म मनोनयन दर्ता गर्ने समय तोकेको छ । यस्तै, दिउँसो साढे २ बजेदेखि साढे ३ बजेसम्म मनोनयन फिर्ता गर्ने र ४ बजे अन्तिम नामावली प्रकाशन गर्ने कार्यक्रम तालिका सार्वजनिक गरेको छ । सभामुखको निर्वाचन पुस २९ गते बिहान ११ बजे हुने सचिवालयले जनाएको छ ।

प्रदेशसभाको सभामुखमा सत्तारुढ गठबन्धनबाट राप्रपाका महामन्त्री भुवन पाठक उम्मेदवार बन्ने भएका छन् । बुधवार बसेको राप्रपा संसदीय दलको बैठकले महामन्त्री पाठकलाई सभामुखको उम्मेदवार बनाउने निर्णय गरेको हो । सत्तारुढ दलहरुबीच मुख्य पदहरू भागबण्डा हुँदा बागमतीमा सभामुख राप्रपाले लिने सहमति भएको थियो ।



बागमती प्रदेशसभामा सभामुखको निर्वाचन विहीबार हुँदैछ । ७ दलीय गठबन्धनको सत्ता भागबण्डामा बागमती प्रदेशको सभामुख राप्रपाको भागमा परेपछि राप्रपाका पाठक सभामुख बन्ने निश्चितप्रायः छ । सत्तारुढ गठबन्धनले बागमती प्रदेशको मुख्यमन्त्री माओवादी केन्द्र र नेकपा एमालेलाई आलोपालो, सभामुख राप्रपा तथा उपसभामुख एमालेलाई भाग लगाएको थियो । एमालेले भने आज विहीबारमात्र दलको बैठक बसेर उपसभामुखका उम्मेदवार चयन गर्ने जनाएको छ । सभामुखमा राप्रपाले पुरुषलाई उम्मेदवार बनाउने भएपछि उपसभामुखमा एमालेले महिला सांसदलाई उम्मेदवार बनाउनुपर्ने संवैधानिक बाध्यता छ । संविधानअनुसार सभामुख र उपसभामुख एउटै दल र लिङ्गको हुनुहुँदैन ।

केन्द्रमा बनेको नयाँ सत्ता समीकरणअनुसार बागमती प्रदेशमा ३ वटा घटक दलहरु छन्: नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपा । तर, प्रदेशको मुख्यमन्त्री शालिकराम जम्मकट्टेललाई केन्द्रको समीकरणभन्दा बाहिर रहेको नेकपा एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीले पनि सर्मथन गरेको थियो । समाजवादी र हाम्रो नेपाली पार्टी पनि माओवादी नेतृत्वको प्रदेश सरकारमा सहभागी हुने तयारीमा छ । त्यसैले सत्ता गठबन्धनको तर्फबाट सभामुख र उपसभामुखको उम्मेदवारले ५ दलको मत पाउने निश्चित देखिएको छ । ११० सदस्यीय बागमती प्रदेशसभामा एमालेसँग २७, माओवादीसँग २१, राप्रपासँग १३, समाजवादीसँग ७ र हाम्रो नेपाली पार्टीसँग २ मत छ । यी सबै मत जोड्दा ७० हुन्छ । जुन सभामुख र उपसभामुखमा निर्वाचित हुनको लागि पर्याप्त हुन्छ ।

यसअघि, बागमती प्रदेशसभाको पहिलो कार्यकालमा नेकपा एमालेबाट सानुकुमार श्रेष्ठ सभामुख बनेका थिए भने माओवादीकी राधिका तामाङ उपसभामुख थिइन् । प्रदेशसभाको दोस्रो कार्यकालको लागि भएको निर्वाचनमा पूर्वसभामुख पराजित भएका थिए भने उपसभामुख पुनःनिर्वाचित भएकी छन् ।

पूर्वसभामुख श्रेष्ठ राप्रपाकै उम्मेदवारसँग पराजित भएका थिए । प्रदेश संरचना खारेजीको माग गर्दै आएको राप्रपाले यसपटक सभामुख पाउने सम्भावना देखिएको छ । सत्तारुढ गठबन्धनसँग बहुमत रहेको हुँदा सत्ता गठबन्धनको उम्मेदवार नै सभामुखमा निर्वाचित हुने देखिएको हो । प्रदेशसभाको पहिलो कार्यकालमा प्रदेशसभामा राप्रपाको समानुपातिकबाट दुईजना मात्रै सांसद् थिए । तर, दोस्रो कार्यकालमा १३ सिट जितेको राप्रपा पहिलोपटक सरकारमा पनि सहभागी भएको छ ।

सभामुख/उसभामुखको निर्वाचनपछि मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले विश्वासको मत लिने तयारी गरेका छन् । मुख्यमन्त्री जम्मकट्टेलले माघ ३ गते विश्वासको मत लिने भएका हुन् । माघ ३ गते प्रदेशसभासमक्ष विश्वासको मत लिने बारेमा प्रदेशसभालाई जानकारी गराइसकिएको छ । जम्मकट्टेल प्रदेशसभाको ५ दलको ७० सांसद्को समर्थनमा मुख्यमन्त्री बनेका थिए ।

उनलाई नेकपा एमालेको २७, नेकपा माओवादी केन्द्रको २१, राप्रपाको १३, नेकपा एकीकृत समाजवादीको ७ र हाम्रो नेपाली पार्टीको २ सांसद्को समर्थन छ । ११० सदस्यीय बागमती प्रदेशसभामा ३७ सिट रहेको नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी र ३ सिट रहेको नेपाल मजदुर किसान पार्टीमात्रै प्रतिपक्षमा छ । मंगलबार माओवादी नेतृत्वको सरकारलाई समर्थन गरेको कांग्रेसले बागमती प्रदेश सरकारलाई समर्थन गर्न सक्ने सम्भावना देखिन्छ ।

बागमती प्रदेशमा पनि माओवादीकै नेतृत्वमा सरकार बनेको र प्रदेशमा पनि पछि सरकार बनाउने सम्भावना जीवितै राख्नको लागि कांग्रेसले मुख्यमन्त्रीलाई विश्वासको मत दिन सक्ने कांग्रेसका एक सांसद्ले बताए । केन्द्रमा प्रधामन्त्रीलाई विश्वासको मत नदिएको नेमकिपाले भने प्रतिपक्षमा बस्ने स्पष्ट पारिसकेको छ । ७० सांसद्को समर्थनमा मुख्यमन्त्री बनेका जम्मकट्टेललाई कांग्रेसले पनि विश्वासको मत दिए उनको समर्थनमा १०७ मत हुनेछ । मुख्यमन्त्री जम्मकट्टेलले कांग्रेस र नेमकिपासँग पनि विश्वासको मत माग्ने तयारी गरेको बताइएको छ । मुख्यमन्त्री जम्मकट्टेलले सभामुख/उसभामुखको निर्वाचनपछि विश्वासको मत लिने र विश्वासको मत लिएपछि मन्त्रिपरिषद् बिस्तार गर्ने तयारीसमेत गरेका छन् ।

# थाहाका कृषकलाई २८ लाख बराबरको कृषि सामग्री

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ थाहा नगरपालिकाको कृषि विकास शाखा, वडा कार्यालय र कृषि विकास समूहसँगको सहकार्यमा कृषिमा यान्त्रिकरण सहयोग गरिएको छ ।

थाहाको २ नम्बर वडाका किसानलाई उत्पादन बढाउन २८ लाख रुपैयाँ बराबरको कृषि सामग्री प्रदान गरिएको छ । थाहा नगरपालिकाको वडा नम्बर २ कार्यालय र जनता कृषक समूहसँग सहकार्य गरी ५० प्रतिशत अनुदानमा मिनी ट्रिलर, स्प्रेयर, हिल ट्याङ्क, पानी तान्ने पम्प, युभी प्लाष्टिक लगायत सामग्री वितरण गरिएको हो । २ नम्बर वडा कार्यालय प्राङ्णमा आयोजित कार्यक्रममा ४८ वटा मिनिटिलर, २५ वटा स्प्रेयर, २९ वटा पानी तान्ने मोटर, १६ वटा हिल ट्याङ्क र १ सय मिटर युभी प्लाष्टिक वितरण गरिएको थाहा नगरपालिका कृषि विकास शाखा प्रमुख सञ्जय तिवारीले जानकारी दिए ।



प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको नयाँ तरकारी बाली पकेट विकास कार्यक्रमअन्तर्गत् कृषि सामग्री वितरण गरिएको हो । सोका लागि कृषि विकास शाखाले १२ लाख विनियोजन गरेको थियो भने ५० प्रतिशत अनुदानअन्तर्गत् कृषकहरुले त्यति नै रकम लगानी गरेका छन् । त्यस्तै, कृषि विकास शाखाको कोटाभन्दा बढी माग भएका कारण वडा कार्यालयले समेत करिब २ लाख खर्च गरेको वडा अध्यक्ष बमबहादुर सिन्तानले बताए । थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टले कृषि सामग्री वितरण गरेका हुन् ।

नगर प्रमुख विष्टले थाहा नगरलाई कृषिमा आत्मनिर्भर बनाउन व्यावसायिक कृषि कर्मको विकल्प नरहेको बताए । उनले नगरपालिका कृषि क्षेत्रमा लगानी गर्न कुनै कसर बाँकी नराख्ने भन्दै कृषिमा गरिएको लगानीको सदुपयोग गर्न कृषकहरुलाई आग्रह गरेका छन् ।

कार्यक्रममा कृषि विकास शाखा प्रमुख तिवारी, नगरपालिकाको आर्थिक विकास समिति संयोजक हेरमान गोपाली, वडा सदस्य युवराज विष्टलगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रम २ नम्बर वडा अध्यक्ष तथा जनता कृषक समूहका अध्यक्ष बमबहादुर सिन्तानको अध्यक्षतामा सम्पन्न भएको थियो ।

# मकवानपुर गढीमा मनाइयो पृथ्वीजयन्ती

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ नेपालको एकीकरण गरेका पृथ्वी नारायण शाहको सम्झनामा मकवानपुरको सुपारेटार ब्यारेक र मकवानपुरगढी दरबारमा पृथ्वीजयन्ती मनाइएको छ ।



पृथ्वीजयन्तीको अवसरमा मकवानपुरमा नेपाली सेनाको मध्यपृतना हेडक्वाटर र पाँच जिल्लाका सञ्चारकर्मीले सयुक्तरुपमा पृथ्वीनारायण शाहको तस्वीरमा मल्यार्पण गरेका छन् ।

सेनाले पत्रकारहरुलाई सुरक्षासम्बन्धी तालिम दिइरहेको छ । मध्य पृतना हेडक्वाटर प्राङ्गण र ऐतिहासिक मकवानपुरगढी दरबार परिसरमा संयुक्तरुपमा मल्यार्पण गरिएको हो । पृथ्वीजयन्तीको अवसरमा सरकारले आज सार्वजनिक बिदा दिएको छ । पुस २७ गतेलाई पृथ्वीनारायण शाहको जन्मजयन्ती विभिन्न कार्यक्रम गरी मनाइँदै आएको छ ।

# हेटौंडामा २४ कुण्डीय गायत्री महायज्ञ हुने

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ शुक्रबारबाट हेटौंडामा ४ दिनसम्म २४ कुण्डीय गायत्री महायज्ञ हुने भएको छ ।

गायत्री चेतना केन्द्रको आयोजनामा हेटौंडा-भैरबरोडमा २४ कुण्डीय गायत्री महायज्ञ हुने भएको हो । भारतको शान्तिकुञ्ज हरिद्वारबाट वेदपाठी ब्राम्हणहरु आई महायज्ञ सञ्चालन हुने मूल महायज्ञ समितिका संयोजक मधु जैनले जानकारी दिए ।



माघे संक्रान्तिको अवसरमा एक आध्यात्मिक र वैज्ञानिक प्रयोग गरी गायत्री महायज्ञमा चरु दिव्य जडिबुटी तथा वेद मन्त्र शान्तिको अद्भूत ध्वनीबाट सञ्चालन हुने संयोजक जैनले बताए ।

महायज्ञमा निःशुल्क गर्भधारण संस्कार, नामाकरण, मुण्डन, अन्नप्रासन, विद्यारम्भ, गर्भवती महिलाहरुको लागि पुंस्वन, जनेऊ, गोदभराई, दीक्षान्त, ब्रतबन्ध, विवाह, जन्मोत्वसलगायत कार्यक्रमहरु समेत रहेको आयोजकले जनाएको छ ।

महायज्ञ सफल पार्न विभिन्न समितिहरु समेत बनेको छ । जसमा मूल संयोजक मधु जैन, कलश यात्रा समिति संयोजक सखन चचानी, मञ्च सञ्चालन समिति कविता अग्रवाल, प्रचारप्रसार समितिमा राजाराम बर्मा र नीलम पाण्डे, यज्ञशाला समितिमा र ाजकुमारी गुप्ता र रञ्जु मल्लिक, दीपयज्ञ समितिमा नीलम गुप्ता, मीरा अग्रवाल र उषा कर्ण छन् ।

त्यस्तै, भोजनालय समितिमा ईन्दु कंसाकार, वचिया रौनियार र नीलम जालान छन् । महायज्ञ माघ २ गतेसम्म संचालन हुनेछ ।

# पृथ्वी जयन्तीमा रक्तदान



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुर पृथ्वी जयन्तीको अवसरमा हेटौंडामा रक्तदान कार्यक्रम गरेको छ ।

राष्ट्र निर्माता पृथ्वीनारायण शाहको ३ सय १ औं जन्म जयन्ती तथा राष्ट्रिय एकता दिवसको अवसरमा बुधबार राप्रपा मकवानपुरले हेटौंडाको बुद्धचोकमा रक्तदान कार्यक्रम गरेको हो । कार्यक्रममा ३५ जनाले रक्तदान गरेको राप्रपा मकवानपुरका प्रवक्ता आयुषकुमार डोटेलले जानकारी दिए ।

रक्तदान कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग थियो । राप्रपा मकवानपुरका अध्यक्ष शिवराम थापाको सभाध्यक्षता तथा पार्टी केन्द्रीय सदस्य रामबहादुर थोकरको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम भएको हो ।

# मउवा संघको प्रवक्तामा चौलागाई

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ मकवानपुर उद्योग वाणिज्य संघको प्रवक्तामा उज्वल चौलागाई चयन भएका छन् । संघको मंगलबार बसेको बैठकले सञ्चार उद्यमीसमेत रहेका चौलागाईलाई प्रवक्ता बनाएको हो ।



संघका अध्यक्ष कृष्ण कुमार गुप्ताको अध्यक्षतामा बसेको बैठकले संघको विधानमा पदाधिकारीबाट प्रवक्ता चयन गर्ने उल्लेख भए बमोजिम चौलागाईलाई प्रवक्ता तोकिएको हो । चौलागाई संघको एसोसिएसट उपाध्यक्ष हुन् । उनी संघको २०७१–७४ को कार्यकालमा सचिव थिए ।


## व्यापारिक मार्ट बिक्रीमा

हेटौंडा उपमहानगरपालिका-४ पारिजातपथ स्थित व्यापारिक मार्ट विशेष कारण वश बिक्रीमा रहेकोले खरिद गर्न इच्छुक महानुभावहरुले निम्न सम्पर्क नम्बरमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

सम्पर्क नम्बरः
९८४५०२७०६४/९८५५०६८०३८

## सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७–५९०३३३

साझाकुरा

### हाम्रो कुरा

# आपराधिक गतिविधि जरैदेखि उखेलौं

मुलुकमा पछिल्लो समय अपराधिक गतिविधि बढ्दो अवस्थामा छ । नेपाल प्रहरीले जसरी अपराधिक गतिविधि स्वात्तै घटेको दाबी गरिरहेको छ । परिणाम प्रष्ट त्यसको ठिक विपरित देखिन्छ । ग्रामीणदेखि सहरी क्षेत्रमा यसको प्रभाव बर्षेनि बढ्दो छ । तथ्याङ्ककै आधारमा पनि नेपालमा राष्ट्रिय अन्तर्राष्ट्रिय अपराधी सल्बलाइरहेका छन् । यो परिणामले मुलुक्लाई महत्वपूर्ण क्षेत्रमा समेत नकारात्मक प्रभाव फैलाइरहेको प्रष्ट छ । सरकारले पनि हत्या, हिंसा, बलात्कार, चोरी डकैती जस्ता आपराधिक गतिविधि न्यूनीकरण गर्न लाखौं बजेट खर्चिएर विभिन्न अभियान र आफ्नो संयन्त्र परिचालन गरेको छ ।

तर, अभियान योजना र संयन्त्र परिचालनले तथ्याङ्क हेर्दा त्यस्तो सोचे जस्तो गतिविधि न्यूनीकरण हुन सकेको देखिँदैन । मकवानपुरकै सवालमा बर्षेनि बलात्कारका घटना श्रृंखलाबद्ध रुपमा बढेको देखिन्छ । दिउँसो होस् या रातमा व्यस्त सहरमै वा कुनाकन्दरामा यस्ता जघन्य अपराध घट्ने आशा गरिएपनि बढ्दो मात्रामा छ । संघीयदेखि स्थानीय तहका सरकारले समेत विभिन्न जनचेतना जनतासम्म फैलाउनका लागि लाखौं बजेट छुट्याएको हुन्छ । सरकारी तवरबाट मात्र होइन, गैरसरकारी र अन्तर्राष्ट्रिय नियोगले देशका विकटदेखि सुगमसम्मका क्षेत्रमा आपराधिक गतिविधि न्यूनीकरण समाज जागरणका सवालमा चेतना फैलाइरहेका हुन्छन् ।

पछिल्लो समय मुलुकमा साक्षरताको दर पनि वर्षेनि बढ्दो छ । यो अवस्था हेर्दा आपराधिक गतिविधिमा सोचभन्दा बढी न्यूनीकरण हुनुपर्ने हो । मानिसमा सकारात्मक सोचको विकाससँगै भद्र समाज निर्माण हुनुपर्ने तर, आपराधिक गतिविधि दिनानुदिन बढ्दो छ, युवादेखि बृद्धसम्म आपराधिक क्रियाकलापमा संलग्न भइरहेका छन् । यो समस्या ग्रामीण र साक्षर कम भएका क्षेत्रमा मात्र नभइ सहरी क्षेत्रमा अझ बढी देखिन्छ । जहाँ चेतना र साक्षरताको दर बढी छ । मकवानपुर जिल्लामा केही वर्षयता जवर्जस्ती करणीका घटना दर्तामा बृद्धि हुँदै गएको तथ्याङ्क जिल्ला प्रहरी कार्यालय मकवानपुरसंग छ । विगतका वर्षमा डर, त्रास र धम्कीले हिंसा सहेर बस्न बाध्य भएका पीडित महिला तथा किशोरीहरुले प्रहरीमा जाहेरी दिने दर बढेको छ । सचेतना र कानूनी कार्बाही प्रभावकारी बन्दै गएपछि महिला तथा किशोरीहरुले घटना बाहिर ल्याउने क्रम बढ्दो छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

**मकवानपुर प्रहरी**

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

**एम्बुलेन्स सेवा**

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ पुस २९ गते शुक्रबार १३ जनवरी २०२३ । षष्ठी माघ कृष्णपक्ष। पेहेलागा ११४३ ने.सं. । सूर्योदय ६:५८, सूर्यास्त ५:२७। राष्ट्रिय भक्का दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : मानसम्मान बढ्ने | **तुला** | : धनको समस्या पार लाग्नेछ |
| **वृष** | : विद्यार्थीका लागि लाभदायक | **वृश्चिक** | : दिन राम्रोसूग बित्नेछ |
| **मिथुन** | : सम्मानित काम हुनेछ | **धनु** | : चोट लाग्ने सम्भावना देखिन्छ |
| **कर्कट** | : धार्मिक काममा रुचि बढ्नेछ | **मकर** | : चिन्ता, भय र आशंका बढ्नेछ |
| **सिंह** | : काममा एकरुपता आउनेछ | **कुम्भ** | : सन्तोष र प्रतिष्ठा मिल्नेछ |
| **कन्या** | : यात्राबाट लाभ हुनेछ | **मीन** | : काममा प्रगति हुनेछ |

# प्रधानमन्त्रीका रूपमा प्रचण्डको तेस्रो परीक्षा



खिमलाल देवकोटा

प्रधानमन्त्रीका रूपमा प्रचण्डको यो तेस्रो कार्यकाल हो । पहिलो र दोस्रो कार्यकालको परीक्षाको अनुभवका आधारमा सामना गर्न तयार भएका प्रचण्डका लागि यो तेस्रो परीक्षा हो । यो परीक्षा सामना गर्नुको विकल्प प्रचण्डका लागि छैन । उनको सफलता र असफलतामा मुलुकको विकास र समृद्धिको सफलता र असफलता पनि जोडिएको छ । हामीलाई मुलुकको सफलताको विकल्प खोज्ने सुविधा छैन ।

प्रचण्ड यस्तो पात्र हुन् जसले युद्धको नेतृत्व गरिरहँदा नै हरेक तहको नेतृत्व हरेक परीक्षामा पास हुनैपर्छ भन्ने गर्दथे । प्रचण्ड भन्ने गर्थे, एकपटक पास भएको वा उत्कृष्ट ठहरिएको नेता वा कार्यकर्ता सर्वकालिक पास वा उत्कृष्ट हुन्छ भन्ने छैन । त्यसैले क्रान्तिकारी भइरहन निरन्तर परीक्षामा सामेल हुँदै पास हुनैपर्ने बाध्यता छ । निरन्तर क्रान्तिको सिद्धान्त अनुसार क्रान्तिको नेता पनि निरन्तर पास हुन जरूरी छ भन्ने उनको आशय थियो ।

यो मामला क्रान्ति गर्ने समयको थियो । अर्थात् विद्यमान राज्य सत्ता ध्वंस गर्ने बेलाको थियो । तर यतिबेला परिस्थिति बदलिएको छ । अब ध्वंस हैन, निर्माणको आवश्यकता छ । पार्टी, समाज र राष्ट्र निर्माण आजको कार्यभार हो । हिजो ध्वंसमा उत्कृष्ट ठहरिएकाहरू आज निर्माणमा उत्कृष्ट ठहरिन जरूरी छ, त्यसले मात्र नेतृत्वको परीक्षा र परीक्षण हुन्छ । यही पृष्ठभूमिमा भन्दा अबको राजनीति निर्माणमा उत्कृष्टताको प्रमाणपत्र प्राप्त गर्ने गरी हुनुपर्छ, कम्तीमा यो परीक्षामा उत्तीर्ण भने पनि हुनैपर्छ । यो कुरा प्रचण्डका हकमा पनि लागू हुन्छ ।

ध्वंसको चरण पार गरेर निर्माणको चरणमा प्रवेश गरेपछि प्रचण्ड प्रधानमन्त्री बन्ने वा बनाउने काममा केन्द्रित भए । आफू प्रधानमन्त्री बन्ने परीक्षामा उनी तीन पटक उत्तीर्ण भए, तर गरेको काममा उत्तीर्ण भए कि भएनन्, मूल्यांकन गर्ने जिम्मा समीक्षकहरूमै छोडौं ।

**पहिलो कार्यकाल**

पहिलो प्रधानमन्त्रीको रूपमा प्रचण्डको 'इनिङ' शान्ति प्रक्रियामा आएपछिको पहिलो परीक्षा थियो । उनले पार्टीलाई सर्वाधिक ठूलो बनाए र प्रधानमन्त्रीका रूपमा देशकै नेतृत्व गर्ने हैसियतमा पुऱ्याए, यो उनको सफलता हो । सहमतीय मोडेलको संविधान खासगरी दुई तिहाइको समर्थनमा सरकार बन्ने र ढाल्न पनि दुई तिहाइ नै चाहिने बलियो संवैधानिक व्यवस्था भत्काएर प्रधानमन्त्री बन्नु गलत कदम सावित भयो । सहमतीय मोडेल भत्काएर बहुमतीय मोडेलमा गएपछि संविधान बन्ने भन्दा सरकार बन्ने र भत्काउने खेल हुने स्वत:सिद्ध थियो । सोही कर्मको प्रतिफल प्रधानमन्त्रीका रूपमा प्रचण्डको कार्यकाल पाँच वर्षबाट छोट्टिएर केवल नौ महिनामा सीमित भयो ।

शक्तिशाली प्रधानमन्त्रीका रूपमा प्रचण्डले सेनापति हटाउने गरी गरेको निर्णय तत्कालीन राष्ट्रपतिले उल्ट्याउँदा राजिनामा दिन बाध्य हुनुपऱ्यो । उनी काम गर्न नपाइकन बिदा हुनुपऱ्यो । त्यसो त अत्यन्त छोटो समयमा तयार गरिएको बजेटले नेपालको अर्थतन्त्रलाई नयाँ मोड दिन सफल भयो । उनले दक्षिण फर्केको बजेटमा उत्तर-दक्षिणको सन्तुलन कायम राख्न प्रयत्न गरे । दक्षिण केन्द्रित विनियोजन बजेटमा समग्र सन्तुलन कायम गर्न प्रयत्न गरे । पूँजीको अभाव व्यहोरिरहेको मुलुकका लागि अथाह राजस्व संकलन गर्न सकिन्छ भन्ने पुष्टि गर्दै खर्च गर्ने क्षमता बढाउन मिहिनेत गर्नैपर्ने बाध्यात्मक सन्देश दिए । 'जनयुद्ध'का शहीदहरूलाई राष्ट्रिय शहीदको मान्यता दिए । साना किसानको ऋण मिनाहा गर्दै किसानहरूका तर्फबाट राज्यले बैंकको ऋण तिरिदिएर किसानलाई ऋण मुक्त गरिदिए ।

यी उल्लेखनीय कामका आधारमा पहिलो कार्यकालको मूल्यांकन गर्नुपर्दछ । त्यसो त आफैंले ल्याएको बजेट कार्यान्वयन गर्न नपाएको अवस्थाका बावजुद पनि गणतन्त्र कार्यान्वयनसँग सम्बन्धित कानुनहरूको निर्माणले मुलुकलाई राजतन्त्रबाट गणतन्त्रको संक्रमण सहज बनायो । आर्थिक समृद्धिको सपना र आश्वासन नै सही जनताको अवस्था बदल्ने बाहेक राजनीतिको अर्को ध्येय हुनुहुँदैन भन्ने तथ्य स्थापित गर्न सके । गरिब किसानलाई ऋणमोचन गर्न प्रयत्न गरे । यी कामका आधारमा उनले पहिलो परीक्षाको सामना गरेको बुझ्न जरूरी हुन्छ ।

पहिलो कार्यकालमा उनीसँग भारी बहुमत थियो, क्रान्ति र जनआन्दोलनको रापताप सहितको सरकार थियो । यद्यपि अपेक्षाकृत सफलता हासिल नभएको भन्न हिच्किचाउनुपर्दैन । पहिलो कार्यकालको अनुभव र शिक्षाको आधार मा दोस्रो कार्यकालको थालनी गर्न प्रचण्ड स्वयंलाई बाध्य बनाउँछ भन्ने लाग्दछ ।

**दोस्रो कार्यकाल**

पहिलो कार्यकालको तुलनामा दोस्रो कार्यकाल तुलनात्मक रूपमा कमजोर थियो । उनी असहज परिस्थितिबाट मात्रै उक्त पदमा उक्लिएका थिए । विनाशकारी भूकम्पले सिर्जना गरेको नयाँ परिस्थितिलाई क्यास गर्न माहिर प्रचण्डले संविधान निर्माण गरिछाड्ने अभियानको थालनी गरे । सरकारको नेतृत्व सुशील कोइरालाको भए पनि समग्र अभियानको नेताका रूपमा प्रचण्डलाई दुनियाँले मानेको छ । संविधान जारी गर्ने कामका सन्दर्भमा यो कुरा मान्नै पर्छ कि हाम्रो संविधान मुद्दामा सहमति भएर होइन, शक्ति बाँडफाँडमा भएको सहमतिले मात्र जारी गर्न सम्भव भएको हो ।

पहिलो कार्यकाल एमालेलाई, दोस्रो प्रचण्ड र तेस्रो कार्यकाल देउवाका लागि छुट्याइएको थियो । यो भागबण्डामा दलहरू सहमत भएपछि मात्र संविधान जारी भएको थियो । यो अभियानको नेतृत्व प्रचण्ड स्वयंले गरेका थिए । संविधान त जारी भयो तर सहमति बमोजिम सत्ता हस्तान्तरणमा व्यवधान आयो । सहमति कार्यान्वयन गर्न अविश्वासको प्रस्तावको सहारा लिनुपर्नेसम्मको स्थिति बन्यो ।

उक्त असहज स्थितिको सामना गर्दै उनी प्रधानमन्त्री बने । उनको काँधमा स्थानीय तहको पुनर्संरचनासहित निर्वाचन सम्पन्न गर्दै संविधान कार्यान्वयनको पहिलो आधारस्तम्भ तयार गर्ने जिम्मेवारी थियो । उक्त जिम्मेवारी पूरा गर्न उनी सफल भए । सोही सफल सुरुवातका कारण स्थानीय तहको दोस्रो निर्वाचन पनि सम्पन्न भइसकेको छ । यसरी संविधान जारी गर्ने र अग्रभागमा रहेर स्थानीय तहको पुनर्संरचना र निर्वाचन सम्पन्न गर्ने कामका आधारमा प्रचण्डको दोस्रो कार्यकाल पनि सफल भएको मान्न हिच्किचाउनुपर्दैन ।

अब तेस्रो कार्यकालको परीक्षा सुरु भएको छ । प्रधानमन्त्रीका रूपमा प्रचण्डका लागि यो कार्यकाल अत्यधिक चुनौतीपूर्ण छ । उनी क्रमश: खस्किँदै गएको शक्तिको नेताका रूपमा सत्तामा उक्लिएका छन् । भलै, उनलाई संसदको असाधारण समर्थन मिले पनि सरकार टिकाउन कमजोर र पातलो बहुमतको टालाटुलीको सहारा लिनुपर्ने अवस्था छ ।

यो अवस्थामा संविधानले संस्थागत गरेको संघीयताको सफल कार्यान्वयन उनका लागि पहिलो चुनौती हो । संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएको एक दशक नपुग्दै संघीयताका विरुद्धमा औपचारिक आवाज उठिरहेका छन् । संघीयताको कार्यान्वयन भइनसक्दै कार्यान्वयनलाई बीचैमा रोकेर संघीयता खारेज गर्नुपर्छ भन्ने आवाजहरू सुनिन थालेका छन् । केही राजनीतिक दलले उठाएको सो आवाजलाई जनताको स्तरबाटै चासोका साथ हेर्ने-सुन्ने गर्न थालिएको छ । संविधानरूपी घर लाई धानेका चारमध्ये संघीयता एक तर महत्वपूर्ण पिलर हो । त्यसका बारेमा प्रश्न गर्ने भनेको सिंगो संविधानरूपी घर नै गल्र्यामगुर्लुम पार्ने षड्यन्त्र बाहेक अरू केही होइन । यो षड्यन्त्रको सामना गर्ने काम प्रधानमन्त्रीका रूपमा प्रचण्डको कठिन परीक्षा हो । यसरी हेर्दा सातातिर फर्केका दलहरूको गठजोड सरकारका लागि बहुमत पुऱ्याउनुपर्ने र सो बहुमत धानेरै राख्नुपर्ने बाध्यता प्रचण्डको अर्को परीक्षा हो ।

संविधानका समर्थक र विरोधी, गणतन्त्रवादी र राजावादी, संघीयता पक्षधर र विरोधी, समावेशिताका पक्षधर र विपक्षी सबै एकै ठाउँमा उभिएको खिचडी सरकारको नेतृत्व गर्ने काम कम चानचुने छैन । तर सबैको साझा प्रस्थानविन्दु भनेको संविधानसभाबाट जारी भएको संविधान नै हो । त्यही संविधानमा टेकेर सबका सब संसद प्रवेश गरेका हुन् । त्यसैले आफैं संसद प्रवेश गरेको द्वारको रक्षा गर्न सबै राजनैतिक दल बाध्य छन् । बाध्य बनाउन प्रचण्ड सफल देखिएका छन् र यसको निरन्तरता जोगाउन सके प्रचण्ड तेस्रो परीक्षामा पनि पास हुनेछन् ।

विगत पाँच वर्षको अनुभवले संघीयता कार्यान्वयनमा गम्भीर चुनौती खडा भएको छ भन्ने कुरामा कुनै विवाद छैन । समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तमा आधारित संघीयता कार्यान्वयनको सफलता संविधानले परिकल्पना गरेका समन्वयकारी संयन्त्रहरूको क्रियाशीलतामा भर पर्नेछ ।

राजनैतिक विवाद समाधान गर्ने अन्तर प्रदेश परिषदको बैठक झण्डै पाँच वर्षदेखि बसेको छैन । राष्ट्रिय समन्वय परिषदको मनोनयन गर्ने काम पनि भएको छैन । त्यसको बैठक बस्ने र त्यसले कामको प्रतिवेदन दिने त धेरै परको कुरा भयो । राष्ट्रिय समन्वय परिषदको विषयगत समितिको क्रियाशीलताले दिनानुदिन आइपर्ने समस्याको समाधान दिन सक्छ । तिनको क्रियाशीलतामा संघीयताको कार्यान्वयनसँगै प्रधानमन्त्रीको सफलता पनि जोडिएको छ । त्यसैगरी प्रदेश समन्वय सम्बन्धी कानुन बनाउने कुरा र सो बमोजिम समन्वय र राजनैतिक विवाद समाधान गर्न प्रदेशका मुख्य मन्त्रीहरूलाई सहजीकरण गरिदिने कुरा पनि प्रधानमन्त्रीको पहलकदमीका दृष्टिले उचितै ठहरिनेछ । यसो गर्न सक्दा संविधानको कार्यान्वयन, संघीयताको कार्यान्वयन र प्रदेशको क्रियाशीलतामाथि उठाएका प्रश्नहरूको सकारात्मक जवाफ दिन सफल हुनेछ । यसो गरिसक्दा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको कार्यान्वयनको कोसेढुंगा साबित हुनेछ ।

यसैगरी भूराजनीतिक संवेदनशीलताको चपेटामा नेपाली राजनीति र नेतृत्व उभिएको छ । आर्थिक संकटका बाछिटा देखिन थालेका छन् । यी सबैको सकारात्मक सम्बोधन आजको आवश्यकता र प्रधानमन्त्रीको चुनौती दुवै हो । यी र यस्तै मुद्दाहरूको सकारात्मक सम्बोधनले मात्रै प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकालको सफलतासँगै संविधानको सफलता र संविधान कार्यान्वयनबाट प्राप्त हुने समृद्धिको सफलता समेत गाँसिनेछ ।

अन्त्यमा, प्रधानमन्त्रीका रूपमा प्रचण्डले विगतका अनुभवको सदुपयोग गर्ने र गल्तीबाट पाठ सिक्ने बताइसकेका छन् । उनले यो कार्यकालमा क्रान्तिकारी आवेग ब्युँताएर काम गर्ने प्रतिबद्धता जनाइसकेका छन् । प्रधानमन्त्रीका रूपमा अनुभवले खारिएको र आशालाग्दो व्यक्तित्व पनि बनेको छ । उनले आफूलाई सबैलाई जोड्न सक्ने नेताका रूपमा स्थापित गर्दै लगेका छन् ।

साथसाथै राजनैतिक दलहरूमा परिपक्वता बढ्दै गएको छ । यो पक्ष प्रधानमन्त्रीका रूपमा प्रचण्डका लागि दृढतापूर्वक निर्णय गर्न र सोको कार्यान्वयन गर्ने महत्वपूर्ण आधार हुन् । अब ती आधारहरूको सदुपयोग कति सार्थकताका साथ हुन्छ, त्यो हेर्न बाँकी छ । जनताका अपेक्षा कुन स्तरबाट सम्बोधन हुन्छन्, दलहरूको परिपक्वताले कस्तो आकार लिन्छ, यसैमा प्रधानमन्त्रीका रूपमा प्रचण्डको तेस्रो कार्यकालीन परीक्षाको परिणाम प्राप्त हुनेछ ।

*(साभार: अनलाइनखबर)*

# कांग्रेसले प्रचण्डलाई नचाहिएको मत किन दियो, जवाफ चाहिन्छ

मीनेन्द्र रिजाल

नेपाली कांग्रेसले मंगलबार (पुस २६) गते प्रतिनिधि सभामा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई विश्वासको मत दियो ।

सात दलको समर्थनमा गत पुस १० मा प्रचण्ड प्रधानमन्त्री नियुक्त हुनुभएको थियो । त्यसबेला समर्थन गरेका सबै दल विश्वासको मत दिने बेलासम्म पनि प्रधानमन्त्रीको साथ छाडेका थिएनन्, समर्थन कायमै थियो । प्रधानमन्त्री नियुक्त हुने बेला प्रचण्डसँग केही स्वतन्त्रसमेत गरी १६९ जना सांसदको समर्थन थियो ।

अहिले प्रतिनिधि सभामा नेपाली कांग्रेस सबैभन्दा ठूलो दल हो । हामीसँग ८९ जना सांसद छन् । हाम्रो पार्टीको नेतृत्वमा सरकार नबन्ने स्थिति देखिसकेपछि मलाई लागेको थियो- कांग्रेस प्रमुख प्रतिपक्षमा बस्छ । तर मंगलबार त्यस्तो भएन । कांग्रेस पनि प्रधानमन्त्रीलाई विश्वासको मत दिने पक्षमा उभियो । कांग्रेसले प्रधानमन्त्री प्रचण्डलाई मत दिने आतुरी (हतार) किन गऱ्यो ?

यसबारे नेताहरूले २०५१ सालको अनुभव या भनौं नजिर प्रस्तुत गर्नुभएको छ । यो सरसार नमिल्ने कुरा हो । २०५१ साल र अहिलेको परिस्थिति कुनै पनि कोणबाट समान छैन ।

त्यसबेला विश्वासको मत लिँदा संसदको सबैभन्दा ठूलो दलको नेताका रूपमा एमालेका नेता मनमोहन अधिकारीको अल्पमतको सरकार थियो । अहिले त दलहरूको स्पष्ट बहुमत भएको प्रचण्ड नेतृत्वमा सरकार छ । अहिले सबैभन्दा ठूलो दलका नेताले पनि विश्वासको मत नपाए वैकल्पिक सरकार बनाउने बाटो संविधानमै छ तर त्यसबेला थिएन ।

२०५१ सालमा देश फेरि मध्यावधि चुनावमा नजाओस् भनेर कांग्रेसले अधिकारी नेतृत्वको सरकारका पक्षमा विश्वासको मत दिएको थियो । अहिले प्रचण्ड नेतृत्वमा रहेको सरकारलाई स्पष्ट बहुमत हुँदाहुँदै कांग्रेसले विश्वासको मत दिएको छ । त्यसैले अहिले र २०५१ सालको तुलना नगरौं, यो तुलना गर्न मिल्दैन ।

मानौं, प्रधानमन्त्री प्रचण्डले विश्वासको मत नपाउने अवस्था हुन्थ्यो भने पनि संसदबाट वैकल्पिक सरकार बन्ने अवस्था अहिलेको संविधानमा छ । स्वतन्त्र सांसदले पनि बहुमत जुटाउन सक्ने स्थितिमा प्रधानमन्त्री नियुक्त हुन सक्छ । बहुमत जुट्ने अवस्था भएसम्म अहिलेको संविधानअनुसार संसद विघटन हुँदैन । त्यसैले एमालेका अध्यक्ष केपी शर्मा ओलीले यसअघि दुई-दुई पटक संसद विघटन गर्दा पनि सर्वोच्च अदालतले पुनर्स्थापना गरिदिएको हो ।

बहुमत हुँदाहुँदै पनि प्रधानमन्त्री प्रचण्डलाई कांग्रेसले किन विश्वासको मत दियो, किन प्रमुख प्रतिपक्षी दलको भूमिकामा बस्छौं भनेर भन्न सकेन ? यो विषयमा कांग्रेसजस्तो पार्टीले कार्यकर्ताहरू तथा आमजनतालाई भन्न जरूरी छ । केही विषय लुकेका छन् भने पनि त्यो बाहिर ल्याउनु कांग्रेसलाई राम्रो हुन्छ ।

हाम्रो पार्टीका वरिष्ठ नेता रामचन्द्र पौडेल बलियो प्रतिपक्ष चाहिन्छ भन्दै आउनुहुन्थ्यो । यतिका वर्षसम्म उहाँले यही कुरा भनेको सुनें । तर अहिले मेरो मनमा लागिरहेको छ, किन उहाँले राष्ट्रिय सहमतिको सरकार भन्नुभयो ? मानिस चिप्लिने भनेको एकै पाइलाबाट हो ।

अर्कोतर्फ नेपाल समाजवादी पार्टीका अध्यक्षसमेत रहनुभएका पूर्वप्रधानमन्त्री बाबुराम भट्टराईले पनि राष्ट्रिय सहमतिको सरकार भनिरहनु भएको छ । उहाँ त प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हुनुपर्छ भन्ने विचारका पक्षमा पनि हुनुहुन्छ । के कांग्रेसले उहाँहरूको विचारलाई मलजल गरेको हो ? कि के हो ? उहाँहरूका सबै विचारसँग त हाम्रा विचार मिल्दैनन् ।

म फेरि पनि सोध्छु- कुन भावबाट प्रधानमन्त्री प्रचण्डलाई कांग्रेसले विश्वासको मत हाल्यो ?

हामी स्थानीय र प्रदेश तथा प्रतिनिधि सभा चुनावमा गठबन्धन गरेर गयौं । तर चुनावपछि गठबन्धन निरन्तर गएन । प्रचण्डले गठबन्धन छाडेर जानुभयो । हामीसँगको गठबन्धन तोड्नुभयो । हामीले गठबन्धनका उम्मेदवारलाई भोट नहाल्ने कांग्रेसका नेता तथा कार्यकर्तालाई कारबाही गर्न सर्कुलर गरेका थियौं । त्यो सर्कुलर अहिले पनि फिर्ता भएको छैन । तर त्यस्तो गठबन्धन छाडेर प्रचण्ड किन जानुभयो ? हामीलाई सोध्ने अधिकार छ, प्रचण्डले पनि यसबारे जवाफ दिनुपर्छ ।

यो प्रश्नको जवाफ नआउँदै बहुमतसाथ ढुक्कसँग चलिरहेको प्रचण्ड नेतृत्वको सरकारलाई कांग्रेसले किन विश्वासको मत दियो ? बहुमत त १३८ जना सांसद भए पनि पुग्थ्यो तर प्रचण्डसँग त १६९ सांसद त प्रधानमन्त्री नियुक्तिकै बेलादेखि हुनुहुन्थ्यो । विश्वासको मत पुऱ्याउन सत्ता साझेदार दलहरूलाई थप कसैको मत वा सहयोग चाहिँदैनथ्यो । कांग्रेसले के भावबाट भोट हाल्यो ? यति लामो संसदीय राजनीतिको अनुभव भएका हाम्रा वरिष्ठ नेता रामचन्द्र पौडेलले पनि भन्नुपऱ्यो किन चाहियो राष्ट्रिय सहमतिको सरकार ? उहाँले पनि व्याख्या त गर्नुपर्ला ।

कांग्रेसभित्र प्रदेश र केन्द्रमा यति धेरै सिट जितिएको छ, अहिले नपाए कहिले ? भन्ने आतुरी भाव कांग्रेस नेतृत्वमा देखिएजस्तो लाग्छ । यस्तो हतारो किन भयो भन्ने कुरा नेतृत्वले नेता तथा कार्यकर्ताहरूलाई खुलस्त भन्नुपर्छ । हिजो गठबन्धन गर्दा गठबन्धनका पक्षमा उभिन वडासम्म सर्कुलर गरियो, त्यसले गर्दा पार्टी संगठन निर्माण प्रक्रियालगायत अवरूद्ध भएका थिए । यसबीचमा के गल्ती भयो भन्ने कुरा पनि नेतृत्वबाट आउनुपर्लाजस्तो लाग्छ ।

कांग्रेसले प्रमुख प्रतिपक्षीका रूपमा नबस्दा र बहुमत भएका प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिँदा यसको असर भावी दिनमा संसदीय राजनीति, सरकार र कांग्रेस पार्टीमा पर्छ । कांग्रेसले जनताको आदेश बुझ्न नसकेको जस्तो देखियो । चुनावमा कांग्रेसको मत संकुचित हुँदै गएको छ । गत वैशाखमा भएको स्थानीय तह चुनावमा कांग्रेसलाई भोट हालेका ५ जनामध्ये गत मंसिरको चुनावमा १ जनाले कांग्रेसलाई भोट हालेनन् ।

चुनावबाट जनताले दिएको सन्देश भनेको कांग्रेसको यो गतिले भएन, सुनुपऱ्यो भनेको हो । यसमा पार्टीका पाका हुन् वा युवा नेता हुन् कसैले पनि ध्यान नदिएकोजस्तो लाग्छ ।

प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने केन्द्रीय कार्यसम्पादन र संसदीय दलको निर्णयको खिलापमा महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्मा तथा केही नेताहरू मात्रै उभिनुभयो । उहाँहरूमा कांग्रेसको संगठन निर्माणबारे केही सोच आएको छ भन्ने मलाई लागेको छ । संगठन विस्तार नगरी कांग्रेस अघि बढ्न सक्दैन । बिपी पनि संगठनकै बलमा प्रधानमन्त्री बन्नुभएको थियो ।

संगठन निर्माणतर्फ ध्यान दिएर स्पष्ट बहुमतको सरकार बनाउनेतर्फ कांग्रेसको ध्यान जान जरूरी छ । तर त्यसतर्फ ध्यान नदिई संसदको यही अवधिमा केही प्राप्तिका लागि बन्द कोठाभित्र लेनदेनमा लाग्ने खालका अभिरूची देखिएका छन् त्यो राम्रो होइन ।

पछिल्लो गतिविधि हेर्दा कांग्रेस प्रतिपक्षमा बस्न मानसिक रूपमा तयार छैन भन्ने देखिन्छ । अहिलेको चुनावबाट भन्दा २०७४ को चुनावमा हाम्रो सिट कम आएको थियो । तर त्यसबेला मताधिकार यस्तो गरी खुम्चिएको थिएन । यसपालि प्रदेश र केन्द्रमा हाम्रा सांसदको उपस्थिति बलियो छ तर चिन्ता के हो भने कांग्रेसको मत खुम्चिएको छ । प्रदेश र केन्द्रका संसदमा सिट संख्याका आधारमा कांग्रेसको बलियो उपस्थिति छ तर यही बेला कांग्रेसको भूमिका भने जनताकहाँ जानु पर्नेछ । सत्ताभन्दा बाहिर मन नजानु पार्टीका लागि प्रतिउत्पादक हुन सक्छ ।

म विनम्रतापूर्वक पार्टीको मूल नेतृत्व र उदाउँदै गरेको नेतृत्वलाई पनि पार्टी निर्माण गर्ने कुरा, संगठन विस्तार गर्ने कुरा र जनताका बीचमा जाने कुरालाई ध्यान दिन आग्रह गर्दछु । सत्ताबाट केही दिन आँखा बाहिर लगेरकाम गरौं । संगठन विस्तार र निष्ठाको राजनीतिमा अगाडि बढ्यौं भने सत्ता त फेरि सजिलै प्राप्त भइहाल्छ ।

*(साभार: सेतोपाटी)*

# सातै प्रदेशले पाए नेतृत्व, यस्ता बने मुख्यमन्त्री

काठमाडौं/प्रदेश निर्वाचनको जनादेशअनुसार सातैवटा प्रदेशमा नयाँ मुख्यमन्त्री नियुक्त भएका छन् । सातवटै प्रदेशले बुधबार साँझसम्म मुख्यमन्त्री पाइसकेका हुन् । मंसिर ४ को प्रतिनिधिसभा र प्रदेश सभा निर्वाचनपछि बनेको एमाले र माओवादीसहितको गठबन्धनले संघीय र प्रदेश सरकार गठन गरेको हो ।




गठबन्धनको भागबण्डा अनुसार प्रदेश १, गण्डकी, लुम्बिनी र सुदूरपश्चिममा एमाले नेतृत्वमा सरकार गठन भएको छ । बागमती र कर्णालीमा माओवादी केन्द्रको नेतृत्वमा सरकार गठन हुँदा मधेस प्रदेशमा जसपाले मुख्यमन्त्री पाएको छ ।

निर्वाचन पूर्व कांग्रेस र माओवादी लगायत दलहरू एकातिर तथा एमाले र राप्रपा लगायत दलहरू अर्को गठबन्धन भई चुनावमा गएकोमा सरकार गठनमा भने त्यो तालमेल फेरिएको छ । संघ र प्रदेशमा एमाले, माओवादी, राष्ट्रिय स्वतन्त्र पार्टी, राप्रपा, जसपा, जनमत लगायतका पार्टीहरूको सरकार बनेको छ । कांग्रेसले केन्द्रमा पुष्पकमल दाहाल नेतृत्वको सरकारलाई विश्वासको मत दिएर प्रतिपक्षको बेन्चमा बस्ने घोषणा गरेको छ । प्रदेश सरकारलाई उसले विश्वासको मत दिन्छ कि दिँदैन भन्ने निश्चित भएको छैन ।

सत्तारुढ गठबन्धनमा भएको सहमतिअनुसार प्रदेश १ मा एमालेका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भइसकेका छन् । त्यहाँ माओवादीसँग आलोपालो हो कि पाँच वर्ष एकल सरकार एमालेको नेतृत्वमा हुने हो भन्ने सार्वजनिक भएको छैन । प्रदेश २ मा जसपाका सरोज यादवले मुख्यमन्त्रीको नियुक्ति पाइसकेका छन् । जहाँ साढे २ वर्षपछि सिके राउत नेतृत्वको जनमत पार्टीलाई मुख्यमन्त्री बनाइनेछ । बागमती प्रदेश सरकारको नेतृत्व माओवादीका शालिकराम जमकट्टेलले पाइसकेका छन् । यहाँ आधा कार्यकाल एमालेलाई दिने सहमति छ । गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री एमालेका खगराज अधिकारी भइसकेका छन् । यहाँ एमालेले पाँच वर्ष एकल नेतृत्व गर्ने भनिएको छ । लुम्बिनी मुख्यमन्त्रीमा एमालेका लीला गिरी नियुक्त भइसकेका छन् । कर्णाली प्रदेशको मुख्यमन्त्री माओवादीका राजकुमार शर्मा भएका छन् । यहाँ माओवादीले पाँच वर्ष एकल नेतृत्व गर्ने केन्द्रको निर्णय थियो तर त्यसलाई उल्ट्याउँदै एमालेबाट साढे दुई वर्षपछि मुख्यमन्त्री हुने प्रदेशस्तरीय सहमति भएको छ । सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा एमालेका राजेन्द्रसिंह रावल नियुक्त भएका छन् । यहाँ पनि साढे २ वर्षपछि माओवादी केन्द्रलाई नेतृत्व छोड्ने सहमति भएको छ ।

**प्रदेश १**

पहिलो कार्यकालमा आफ्नो नामसम्म टुंगो लगाउन नसकेको प्रदेश १ सरकारको मुख्यमन्त्रीमा केन्द्रमा गठबन्धन भएपछि एमाले र माओवादी केन्द्रले दाबी गरेका थिए । तर यहाँ एमालेका हिक्मत कार्कीलाई मुख्यमन्त्री बनाउने सहमति केन्द्रमा सहमति हुनुपहिल्यै भएको थियो । जसअनुसार नै पुस २४ गते कार्की मुख्यमन्त्री नियुक्त भएका थिए ।

प्रदेश १ प्रदेश सभाको सभामुख माओवादी र उपसभामुख एमालेले पाउने सहमति भएको छ । ९३ सदस्यीय प्रदेशसभामा एमालेका ४०, माओवादीका १३, राप्रपाका ६ र जसपाका १ सहित कुल ६० सांसद सत्तापक्षमा छन् ।

विद्यार्थी पृष्ठभूमिबाट राजनीतिमा सक्रिय भएर प्रदेशको मुख्यमन्त्रीसम्म बनेका कार्की प्रदेश संसदीय राजनीतिको दोस्रो यात्रामा मुख्यमन्त्री बनेका हुन् । उनी एमालेको स्थायी कमिटी सदस्यसमेत हुन् । विगतदेखि नै केपी शर्मा ओली निकट नेता कार्की ओलीकै निर्वाचन क्षेत्र झापा ५ (१) बाट लगातार दोस्रो पटक प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए ।

कार्की यसअघि एमालेको प्रदेश संगठन कमिटीको प्रचार विभाग प्रमुख भइसकेका थिए । २०७४ फागुनमा शेरधन राई नेतृत्वको प्रदेश सरकारमा साढे ३ वर्ष आन्तरिक मामिला तथा कानुनमन्त्री बनेका थिए ।

**मधेस प्रदेश**

मधेस प्रदेश सरकारको प्रमुख जसपाले पाउने काठमाडौंमा सहमति भएकै दिन जनकपुरमा जसपाले प्रदेश सभा संसदीय दलको नेता चयन गरेको थियो । बहालवाला मुख्यमन्त्री लालबाबु राउत र निवर्तमान प्रदेश सभा सभामुख यादव संसदीय दलको नेताको दाबेदार थिए । अन्तिम समयमा मुख्यमन्त्री राउत पछि हटेर यादव सर्वसम्मत संसदीय दलको नेता चयन भएका थिए ।

मधेस प्रदेशको मुख्यमन्त्री बनेका यादव यसअघि पटकपटक कार्यकारी पदमा रहिसकेका छन् । यसअघि संघीय सरकारमा दुईपटक राज्यमन्त्री र मधेस प्रदेशको सभामुख भइसकेका छन् । २४ वर्षकै उमेरमा तत्कालीन हरिहरपुर गाविसको अध्यक्षमा निर्वाचित भएका थिए । २०५५ देखि ०५९ सम्म उनी गाविस अध्यक्ष थिए । २०७४ मा बारा निर्वाचन क्षेत्र १ को (२) बाट प्रदेशसभा सदस्यमा तत्कालीन राजपाबाट विजयी भई मधेस प्रदेशका सभामुख बनेका उनी २०७९ को चुनावमा सोही क्षेत्रबाट एमालेको तालमेलमा जसपाको तर्फबाट निर्वाचित भएका थिए । उनले साढे २ वर्षपछि मुख्यमन्त्री जनमत पार्टीलाई हस्तान्तरण गर्नुपर्ने सहमति छ ।

मधेसमा सभामुख एमाले र उपसभामुख जनमत पार्टीले पाउने सहमति भएको छरु। १ सय ७ सदस्यीय मधेसमा एमालेका २३, जसपाका १६, जनमतका १३ र माओवादीका ९ सहित सत्तापक्षमा ६१ सांसद पुग्छन् ।

**बागमती प्रदेश**

अरु प्रदेशमा मुख्यमन्त्रीले नियुक्ति लिइरहँदा बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले भने विश्वासको मत लिने मिति तय गरिसकेका छन् । पुस २७ मा शपथ लिएका उनी माघ ३ मा प्रदेश सभाबाट विश्वासको मत लिनेछन् ।

माओवादी केन्द्रका जम्मकट्टेल २०४७ सालमा ललितपुरको काभ्रे आइरन उद्योगमा मजदुरका रूपमा काम गर्थे । सोही समयबाट उनी कम्युनिस्ट पार्टीको मजदुर संगठनमा लागेका थिए । मजदुरको क्षेत्रमा लागू भएको सामाजिक सुरक्षा, श्रम ऐन र न्यूनतम वेतन लागू गर्नमा भूमिका खेलेका उनले प्रदेशको मुख्यमन्त्री भएर कस्तो काम गर्नेछन् भन्ने हेर्न बाँकी छ । उनी यसअघि पनि प्रदेश सरकारमा मन्त्री थिए ।

उनी २०६४ को संविधानसभामा धादिङ निर्वाचन क्षेत्र नम्बर ३ बाट निर्वाचित भएका थिए । २०७० सालमा सोही निर्वाचन क्षेत्रबाट संविधानसभामा पराजित उनी २०७४ मा भने प्रदेश सभामा उम्मेदवार बने । उनी धादिङ निर्वाचन क्षेत्र नम्बर १ (२)बाट निर्वाचित भएर बागमती प्रदेश सभामा पुगेका हुन् । उनले २०७४ यता ४२ महिना आन्तरिक मामिला तथा कानुनमन्त्री र १५ महिना आर्थिक मामिला तथा योजनामन्त्री भएर प्रदेश सरकारको अनुभव सम्हालेका थिए । १ सय १० सदस्यीय बागमती प्रदेशसभामा एमालेबाट २७, माओवादीबाट २१ र राप्रपाबाट १३ जना सांसद रहेकाले गठबन्धनको पक्षमा सांसद संख्या ६१ पुग्छ ।

**गण्डकी प्रदेश**

पछिल्लो पाँच वर्ष प्रतिनिधिसभामा सांसद भई काम गरेकाले मन नहुँदा नहुँदै गण्डकी प्रदेश सभा सदस्यको उम्मेदवार भई निर्वाचित भएका एमालेका खगराज अधिकारी मुख्यमन्त्री बनेका छन् । यहाँ पूर्वमुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङ मुख्यमन्त्री बन्न चाहन्थे तर उनी प्रतिनिधिसभा सदस्य बनेका छन् भने संघीय सांसद बन्न चाहेका अधिकारी मुख्यमन्त्रीको कुर्सीमा पुगेका हुन् ।

एमाले स्थायी कमिटी सदस्य एवं संगठन विभाग प्रमुख अधिकारीले सोमबार गण्डकी प्रदेशको मुख्यमन्त्रीको नियुक्ति लिएका थिए । विद्यार्थी राजनीति हुँदै संसदीय राजनीतिमा पुगेका उनी संघ र प्रदेश गरी ६ पटक संसदीय निर्वाचन लडिसकेका छन् । यसअघि स्वास्थ्य तथा जनसंख्या र उपप्रधान तथा गृहमन्त्री भई २ पटकसम्म संघीय सरकारको मन्त्री बनेका अधिकारी यसपटक मुख्यमन्त्री बनेका हुन् ।

सत्तारुढ गठबन्धनमा भएको सहमतिअनुसार गण्डकीमा सभामुख माओवादी र उपसभामुख एमालेबाट चुनिनेछन्रु। गण्डकीमा ६० सदस्यीय प्रदेशसभा छ । गण्डकीमा सत्तापक्षमा एमालेको २२, माओवादीको ८ र राप्रपाको २ गरी ३२ सांसद अधिकारीको पक्षमा छन् ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेशको मुख्यमन्त्रीमा एमालेका लीला गिरी बुधबार नियुक्त भएका छन् । प्रदेशमा राजनीतिप्रति समर्पित, निष्ठावान र इमान्दार रहेको छवि बनाएका उनी राजनीतिक जीवनको उत्तरार्द्धमा प्रदेशको मुख्यमन्त्री बनेका छन् । मुख्यमन्त्री बन्न उनले विद्यार्थी संगठनदेखि नगर, जिल्ला, प्रदेशका राजनीतिक दलको सांगठनिक नेतृत्व गरिसकेका छन् ।

एमाले पोलिटब्युरो सदस्य तथा लुम्बिनी प्रदेश कमिटी सहइन्चार्ज रहेका उनी २०७४ सालमा पनि प्रदेशसभामा निर्वाचित भएका उनी एमाले नेता शंकर पोखरेल नेतृत्वको प्रदेश सरकारमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री भएका थिए ।

मुख्यमन्त्री बनेका गिरी एमालेमा उपाध्यक्षसमेत रहेका उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णु पौडेलनिकट मानिन्छन् । उनी पौडेलको निर्वाचन क्षेत्र रुपन्देही २ को प्रदेश सभा निर्वाचन क्षेत्र १ बाट निर्वाचित भएका थिए ।

लुम्बिनी प्रदेशमा सभामुख माओवादी र उपसभामुख राप्रपाबाट बन्नेछन् । ८७ सदस्यीय लुम्बिनी प्रदेशसभामा एमालेका २९, माओवादीका १०, राप्रपाका ४, नागरिक उन्मुक्तिका ४, जसपाका ३, जनमतका ३, लोसपाका ३ र स्वतन्त्र २ सहित गठबन्धनको पक्षमा ५८ सांसद छन् ।

**कर्णाली प्रदेश**

पहिलोपटक संसदीय निर्वाचनमा प्रतिस्पर्धा गरी विजयी भएका माओवादी केन्द्रका रामकुमार शर्मा कर्णाली प्रदेशको मुख्यमन्त्री बनेका छन् । रुकुम पश्चिमको प्रदेशसभा निर्वाचन क्षेत्र २ बाट निर्वाचित शर्मा माओवादी उपमहासचिव जनार्दन शर्मा निकट मानिन्छन् ।

माओवादी केन्द्रको पोलिटब्युरो समेत रहेका मुख्यमन्त्री शर्मा २०४८ सालदेखि राजनीतिमा लागेका थिए । विद्यार्थी संगठन हुँदै राजनीतिमा लागेका उनी माओवादी नेतृत्वको जनयुद्धमा लागेका थिए । १० वर्ष भन्दा लामो समय भूमिगत राजनीति गरेका उनी २०७४ सालमा जिल्ला समन्वय समिति रुकुम पश्चिमको प्रमुख बनेका थिए ।

केन्द्रको सहमतिअनुसार पाँच वर्ष मुख्यमन्त्री हुने भनिएपनि प्रदेशस्तरमा साढे २ वर्षमा सरकार को नेतृत्व फेर्ने सहमति एमाले र माओवादीबीच भएको छ । कर्णालीमा सभामुख एमाले र उपसभामुख माओवादीबाट हुनेछन्रु। कर्णालीको ४० सदस्यीय प्रदेशसभामा माओवादीबाट १३, एमालेबाट १०, राप्रपाबाट १ गरी सत्तापक्षमा २४ प्रदेश सभा सदस्य छन् ।

**सुदूरपश्चिम प्रदेश**

सात प्रदेश मध्ये सुदूर पश्चिमले समानुपातिक निर्वाचन प्रणालीबाट प्रदेश सभामा आएका सदस्यलाई मुख्यमन्त्री पाएको छ । एमाले सुदूरपश्चिम प्रदेश सभा संसदीय दलका नेता राजेन्द्रसिंह रावल बुधबार मुख्यमन्त्री नियुक्त भएका हुन् । पार्टीको पोलिटब्युरो सदस्य तथा प्रदेश सहइन्चार्ज समेत रहेका रावलको पदीय हैसियत अन्य सांसदभन्दा माथि भएकाले दलको नेता चुनिन कुनै झन्झट ब्यहोर्नु परेन । रावल एमालेको सुदूरपश्चिम प्रदेश सभा समानुपातिकतर्फ खसआर्य कलष्टर अन्तर्गत पुरुषहरूमा पहिलो नम्बरमा सिफारिस थिए ।

मुख्यमन्त्री रावल लेखक तथा साहित्यकार पनि हुन् । तत्कालीन डोटी राज्यको मध्यकालीन इतिहास (१२३५-१७१२) का अध्येता एवं लेखक समेत रहेका उनीसँग ०५४ सालमा कञ्चनपुरको तत्कालीन जिविसको उपसभापति भएर कामकाज गरेको अनुभव छ । सुदूरपश्चिममा आलोपालो नेतृत्वमा सरकार गठन गर्ने र पहिलो चरणमा एमालेले नेतृत्व गर्ने समझदारी काठमाडौंमा हुँदा सुदूरपश्चिम प्रदेश सभामा तेस्रो दल एमालेका नेता रावललाई सरकारको नेतृत्व गर्ने अवसर मिलेको हो ।

सुदूरपश्चिममा सभामुख माओवादी र उपसभामुख नागरिक उन्मुक्ति पार्टीबाट चुन्ने सहमति भएको छ । जसअनुसार सुदूरपश्चिम प्रदेश सभा सभामुखमा माओवादी केन्द्रले भीम भण्डारीलाई मनोनयन गर्न लगाएको छ । यहाँ कांग्रेसले पनि सभामुखमा मनोनयन दर्ता गराएको छ । ५३ सदस्यीय सुदूरपश्चिम प्रदेशसभामा माओवादीबाट ११, एमालेबाट १०, नागरिक उन्मुक्ति पार्टीबाट ७, जनमतबाट ४ र राप्रपाबाट १ गरी ३३ प्रदेश सभा सदस्य सत्तापक्षमा छन् ।

*(ई-कान्तिपुरबाट)*

# सभामुख बन्न एमालेका नेताहरूले थाले दौडधुप



काठमाडौं/आगामी माघ ५ गते प्रतिनिधिसभाको सभामुख चयन गर्न निर्वाचन गर्ने कार्यतालिका छ । मंगलबार प्रतिनिधिसभाका ज्येष्ठ सदस्य तथा सभाध्यक्ष पशुपति शमशेर राणाले सभामुखको निर्वाचनको मिति घोषणा गरेका थिए । जसअनुसार राणाले संसद सचिवालयका महासचिव महासचिव भरतराज गौतमलाई माघ ३ गतेभित्र निर्वाचनको तयारी गर्न निर्देशन दिइसकेका छन् ।

नेकपा माओवादी केन्द्र र एमालेबीच प्रधानमन्त्री र सभामुख आलोपालो गर्ने सहमति भइसकेको छ । सोही सहमति अनुसार माओवादी केन्द्रले प्रधानमन्त्री पद पाएपछि सभामुख एमालेबाट बन्ने निश्चित भएको छ ।

योसँगै एमालेका नेताहरु सभामुख बन्न दौडधुपमा लागेका छन् । सभामुखको निर्वाचन हुन ८ दिनमात्रै बाँकी हुँदासम्म ओलीले उक्त पदका लागि कसैलाई संकेत वा अफर गरेका छैनन् । पार्टीका नेताहरुले ओलीको निर्णयलाई पर्खेर बसेका छन् । यद्यपि एमाले नेताहरुले सभामुख हुन आफ्नै तरिकाले भेटघाट र छलफल जारी राखेका छन् । तर, ओली निकट नेता गोकुल बास्कोटाले सभामुखका विषयमा कुनै छलफल नभएको जिकिर गरे । उपयुक्त समयमा सभामुखका विषयमा पार्टीले निर्णय गरेर जाने बास्कोटाले बताए ।

एमालेबाट उपमहासचिव पृथ्वीसुब्बा गुरुङ, सचिव छविलाल विश्वकर्मा, रघुजी पन्त र विद्या भट्टराईले सभामुखमा इच्छा देखाएका छन् । पार्टीमा चार जना नेताले खुलेर सभामुखका लागि लबिङ गरिरहेका छन् । ओलीले सभामुख बनाउँदा आफ्नो विश्वास पात्र नेतालाई मात्रै सभामुख बनाउने धेरैको आकलन छ । गुरुङ सभामुख हुने व्यक्तित्व र क्षमता भए पनि ओलीलाई ऋस गर्न सक्ने भएकाले उनी पहिलो रोजाइमा नपर्ने धेरैको बुझाई छ । कतिपय महत्त्वपूर्ण निर्णयमा समेत गुरुङले स्वविवेक प्रयोग गर्न सक्ने भएकाले उनको सम्भावना कम हुने स्रोत बताउँछ ।

तर, गुरुङले आफ्नो चाहनाभन्दा पनि पार्टीको महत्त्वपूर्ण हुने बताए । 'मेरो सभामुखमा दाबी रहन्छ । पार्टीको सिनियर नेता पनि हुँ । जिम्मेवारी पाए काम गर्न सक्छु भन्ने छ,' गुरुङले भने, 'आफ्नो केमा दाबी छ, त्यसैमा भन्ने हो । मेरो सभामुखमा दाबी छ ।' विश्वकर्मा पनि सभामुखका लागि इच्छुक देखिएका छन् । विश्वकर्मा एमाले अध्यक्ष ओलीका विश्वासपात्र मानिएकाले उनी नै सभामुख हुन सक्ने धेरैको आकलन छ । यद्यपि उनको पक्षमा समेत ओलीले मुख खोलेका छैनन् ।

यसअघि सांसद र मन्त्री भइसकेकाले पन्तले पनि सभामुखमा इच्छा देखाएका छन् । तत्कालीन एमालेमा माधवकुमार नेपाल निकट भइ काम गरेका उनी पार्टी विभाजनपछि ओलीतिरै फर्किए । अहिले ओलीले पन्तलाई समानुपातिक सांसद बनाएपछि मन्त्री भन्दा सभामुखमा जाने इच्छा देखाएका छन् । यदि पार्टीले आफूलाई सभामुख बनाउने निर्णय गरे जिम्मेवारी लिन तयार रहेको पन्तले बताए । यस्तै विद्या भट्टराईले पनि सभामुखमा इच्छा देखाएकी छन् । कास्कीबाट २ पटक निर्वाचित भट्टराई पार्टीले जिम्मेवारी दिएमा सभामुख पदको जिम्मेवारी लिने पक्षमा छिन् ।

उता, कांग्रेसले सभामुख पदमा उम्मेदवारी दिने या नदिने भन्ने निर्णय गरिसकेको छैन । सभामुखको चुनाव हुन अझै समय बाँकी भएकाले कुनै निर्णय नगरेको नेता प्रदीप पौडेलले बताए । 'सभामुखको निर्वाचन हुन अझै समय छ । पार्टीकै उम्मेदवार हुन्छ कि कुनै उम्मेदवारलाई समर्थन गर्छौ भनेर अहिले नै भन्न सक्ने अवस्था छैन,' पौडेलले भने, 'पार्टीले माघ ५ गते अघि सभामुखका विषयमा स्पष्ट निर्णय गरेर जान्छ ।'

*(स्रोत: रातोपाटी)*

# नेपाली पैसामा पृथ्वीनारायण शाहको तस्बिर राखौं : अध्यक्ष थापा

काठमाडौं/राप्रपा नेपालका अध्यक्ष कमल थापाले नेपाली पैसामा पृथ्वीनारायण शाहको तस्बिर अंकित गर्न माग गरेका छन् । राप्रपा नेपालद्वारा ३०१ औं पृथ्वी जयन्ती एवं राष्ट्रिय एकता दिवसको अवसरमा आयोजना गरेको चियापान समारोहलाई सम्बोधन गर्दै अध्यक्ष थापाले सो माग गरेका हुन् ।




अध्यक्ष थापाले पृथ्वी नारायण शाह कुनै राजनीतिक वाद र विचारभन्दा माथि रहेको बताउँदै नेपाल एकिकरणको अभियान एक संस्थासँग मात्रै सम्बन्धित नभई नेपाललाई नाम र पहिचान दिने महान् कार्य भएको बताए । उनले पृथ्वीनारायण शाहलाई सम्मान दिन राज्यले कन्जुस्याइँ गर्न नहुने समेत बताए ।

२०७४ सालमा आफू सरकारमा रहँदा राज्यले नै ओपचारिक रुपमा पृथ्वी जयन्ती मनाइएको स्मरण गर्दै उनले यसपटक पृथ्वी जयन्ती एवं एकता दिवसमा राज्यको उपस्थिति नभएको प्रति रोश प्रकट समेत गरे ।

अध्यक्ष थापाले भने- 'राज्यले यसपटक बिदा दिएतापनि त्यो बिदा राजनैतिक स्वार्थ परिपूर्ति गर्ने माध्यमका लागि मात्रै भएको छ, अघिल्ला वर्ष जस्तै सरकारी निकाय नेपाल प्रज्ञा प्रतिष्ठान मार्फत सरकारले मनाउने पृथ्वी जयन्ती यसपटक रोकिएको छ।'

राष्ट्र निर्माताप्रति श्रद्धा अर्पण गर्ने गरेको भन्दै राष्ट्रपतिप्रति भने उनले धन्यवाद अर्पण गरे । कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका प्राध्यापक एवं इतिहासविद् डा. रमेश ढुंगेल र वरिष्ठ अधिवक्ता डा.सुरेन्द्र भण्डारीले पृथ्वीनारायण शाहको योगदान र व्यक्तित्वमाथि प्रकाश पारेका थिए।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# नयाँ सरकारको काँधमा स्वदेशी उत्पादन र उपभोग बढाउने जिम्मा

काठमाडौं/बढ्दो आयातका कारण अर्थतन्त्र नै जोखिममा परेको निष्कर्षपछि यसअघिको सरकारले स्वदेशी वस्तु उत्पादन र उपभोगको महत्वकांक्षी १० वर्षे कार्यक्रम गत भदौमा घोषणा गर्‍यो । आर्थिक वर्ष २०७९/०८० को बजेटमै समेटेर घोषणा गरेको अभियानले दैनिक उपभोगका आधार भूत वस्तु आफ्नै देशमा उत्पादन, उपभोग र प्राथमिकताका साथ निर्यात गर्ने लक्ष्य राखेको छ ।



चालु आर्थिक वर्षको बजेट कार्यन्वयनमा आएसँगै कार्यक्रम सञ्चालन गर्ने तालुकको निकाय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले कार्यक्रम अघि बढाएको छ । तर, अभियानको परिकल्पना गर्ने सरकार नै परिवर्तन भएपछि नयाँ सरकारले अभियानलाई कसरी प्राथमिकीकरण गर्छ भन्ने चुनौती थपिएको छ ।

देशको आर्थिक अवस्थालाई सवलीकरण गर्न अभियान फलदायी भएको र सुरुवाती प्रक्रिया समेत अघि बढेका कारण नयाँ सरकारले कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने मन्त्रालयको जोड छ ।

त्यसो त देशको आर्थिक पुनरुत्थानका लागि अभियान महत्वपूर्ण भएका कारण असल नियतका साथ नयाँ सरकार र मन्त्रीले काम गर्नुपर्नेमा विज्ञहरु पनि सहमत छन् । नेपालको आफ्नै आधारभूत स्रोतको एकीकृत परिचालन मार्फत उत्पादन र उपभोग बढाएर कुल ग्राहस्थ उत्पादनमा उत्पादनशील क्षेत्रको योगदान तीन गुणा बढाउने कार्यक्रमको घोषित लक्ष्य छ ।

सरकारी निकायले १५ प्रतिशत महँगो भएपनि नेपाली उत्पादन नै प्रयोग गर्ने, नेपाली सेना, विद्यालय, सरकारी कार्यालय र कर्मचारीको आवश्यक वस्तु अनिवार्य नेपाली उत्पादन हुनुपर्ने जस्ता बाध्यकारी व्यवस्था पनि अभियानमा समेटिएको छ ।

यसका लागि 'प्रधानमन्त्री नेपाली वस्तु उत्पादन र उपभोग दशक' अन्तरगत कृषि, जडिबुटी, खनिज र खानीजन्य उत्पादन, निर्माण सामग्री, मौलिक नेपाली सांस्कृतिक उत्पादन, नेपाली हस्तकला, धागो र कपडाजन्य गार्मेन्ट र सेवा क्षेत्रलाई उच्च प्राथमिकताका साथ सहयोग, संरक्षण र विकास गराउने उल्लेख छ ।

अवधरणाअनुसार स्वदेशी उत्पादन बढाउन उद्योगहरुको प्रवर्द्धन र अन्तरसम्बन्धित कानुनहरु संशोधन गर्ने, एकद्वार प्रणाली विकास गर्ने, स्थानीय तहहरुमा लघु, घरेलु तथा साना उद्योगहरु प्रवर्द्धन गर्ने तथा छुट र सहुलियत उपलब्ध गराउने उल्लेख छ ।

यस्तै स्वदेशी उत्पादनको संरक्षणका लागि सेफगार्ड मेजर्सहरु कार्यन्वयनमा ल्याउने, स्वदेशी वस्तु उत्पादन वृद्धि र उपभोगका लागि निजी क्षेत्रका कार्यक्रमसँग सहकार्य गर्ने विषय पनि प्राथमिकतामा छ । अभियानको मूख्य पाटो चाहिं स्वदेशी उत्पादन उपभोगमा बाध्यकारी पर्ने कानुनी व्यवस्था गर्ने छ ।

कृषि, वन, खानीजन्य क्षेत्रमा तुलनात्मक लाभ, प्रतिस्पर्धी क्षमता र रणनीतिक महत्वका वस्तु र सेवाका क्षेत्रहरु पहिचान गर्ने, कानुन एवम प्रक्रिया सरलीकरण गर्ने, औद्योगिक प्रवर्द्धनमार्फत लगानी वृद्धि गर्ने र उत्पादनमा लगानी र लगात घटाउने रणनीति छ ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहत रहनेगरी संघीय कार्यक्रम कार्यान्वयन इकाइ रहने छ भने कार्यक्रम र परियोजनामा प्रदेशस्तरबाट स्रोत व्यवस्थापन गर्न प्रदेश कार्यक्रम कार्यान्वयन समिति प्रदेश स्तरमा रहनेछ । स्थानीय तहमा कार्यक्रम कार्यन्वयन समिति हुनेछ ।

*(स्रोत: अनलाइखबर)*

"तपाईं, हामी सबैको कुरा"

साझाकुरा

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।

www.sajhakuranews.com

# वृद्धवृद्धालाई परिचयपत्रसँगै न्यानो कपडा




इन्द्रसरोवर गाउँपालिकाको आयोजनामा स्थानीय वृद्धवृद्धालाई परिचय पत्रसँगै न्यानो कपडा वितरण गरिँदै । ६८ वर्षमाथिका ज्येष्ठ नागरिक, ६० वर्षमाथिका एकल महिला, ६० वर्षमाथिका दलित ज्येष्ठ नागरिक र 'क' वर्गका अपाङ्गता भएकालाई परिचय-पत्र प्रदान गरिएको थियो । गाउँपालिकाले सरकारी सेवाबाट निवृत्त भई नियमित पेन्सन लिइरहेका ६८ वर्षमाथिका ज्येष्ठ नागरिकहरुलाई सम्मान प्रदान गर्दै जाडोका लागि न्यानो कपडा वितरण तथा नि:शुल्क स्वास्थ्य परीक्षण गरिएको गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनीले जानकारी दिए ।

# प्रभावकारी बन्दै एक विद्यालय एक नर्स कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ बागमती प्रदेश सरकारले ल्याएको 'एक विद्यालय एक नर्स' कार्यक्रम प्रभावकारी बन्दै गएको छ ।

प्रदेश स्वास्थ्य मन्त्रालयका अनुसार सो कार्यक्रमअन्तर्गत् हालसम्म पाँच सय १९ जना प्रदेशको विभिन्न विद्यालयमा नर्स भर्ना गरी स्वास्थ्य क्षेत्रमा काम भएको बताइएको छ ।

सो मन्त्रालयले २०७८ साल कात्तिक २५ गतेदेखि हालसम्म गरेको कामबारे तयार गरेको प्रतिवेदनमा सो विषय जनाइएको छ । कोरोना महामारीको समयमा सात प्रदेशमध्ये बागमतीमा शत्प्रतिशत कोरोनाविरुद्धको खोप लगाइएको सो मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका सचिव बद्रीबहादुर खड्काका अनुसार चालु आर्थिक वर्षको २०७९/८० मा तीन करोड ९४ लाख रुपैयाँ बजेट



विनियोजन गरी वागमती प्रदेशको प्रथम आयुर्वेद औषधि उत्पादन केन्द्र चितवनमा स्थापना गरी सञ्चालन गरिएको छ ।

मकवानपुरको विभिन्न स्थानमा आयुर्वेदिक उपचारका लागि शाखा स्थापना गरी सञ्चालनमा ल्याइएको छ । हेटौंडा अस्पतालका गर्भवतीलाई ७३ वटा 'पोर्टेवल अल्ट्रा मेसिन' खरिद गरिएको र एमआर आई मेसिन खरिद गरी हस्तान्तरण समेत भइसकेको प्रतिवेदनमा उल्लेख छ । बागमती प्रदेशमा रहेको एकसय १९ स्थानीय तहका स्वास्थ्य शाखा प्रमुखका लागि फिस्टुला रोग पहिचान र उपचारसम्बन्धी कार्यक्रम गरिएको छ ।

अन्य अस्पताल र स्वास्थ्य संस्थालाई स्वास्थ्य सामग्री उपलव्ध गराइएको छ । स्वास्थ्य क्षेत्रको भौतिक पूर्वाधर निमार्णमा सहयोग एवम् निमार्ण कार्य भएको उनले जानकरी दिए । कोरोना महामारीको संक्रमण रोकथाम र डेंगु रोग नियन्त्रण गर्न सो अवधिमा विभिन्न कार्यक्रम गरिएको बताइएको छ ।

यसैबीच, मकवानपुरमा डेंगु संक्रमितको संख्या हालसम्म पाँचहजार आठसय १० पुगेको सो मन्त्रालयअन्तर्गत्को जनस्वास्थ्य कार्यालय मकवानपुर हेटौंडाले जनाएको छ । सो तथ्याङ्क गत साउनदेखि आजसम्मको रहेको छ । जसमा तीन हजार एकसय ८२ पुरुष र दुई हजार ६ सय २८ महिला छन् । डेंगु संक्रमित जिल्लाको १० स्थानीय तहमध्ये बढी हेटौँडा उपमहानगरपालिकामा रहेको कार्यालयले जनाएको छ ।

# पर्सामा दुई भारतीय कामदारको निसास्सिएर मृत्यु

पर्सा, २७ पुस/पर्सामा निसास्सिएर दुई जना भारतीय कामदारको मृत्यु भएको छ । वीरगन्ज महानगरपालिका- २२ जगनाथपुरस्थित त्रिपती ट्रेडिङ एण्ड सप्लायर्सको कोइला डिपोमा कार्यरत दुई जना भारतीय कामदारको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

मृत्यु हुनेमा भारत विहारको मोतीहारी जिल्ला रक्सौल थाना कौवाठेगर- ७ निवासी २९ वर्षीय पवित्र गिरी र भारत निवासी ३० वर्षीय मिथलेश यादव रहेका छन् ।

प्रहरी नायव उपरीक्षक दिपक गिरीका अनुसार तगारीमा पत्थर कोइला बालेर झ्यालढोका बन्द गरी कोठामा सुतेका दुबै जनाको अक्सिजनको कमी हुँदा निसास्सिएर मृत्यु भएको प्रारम्भिक अनुसन्धानबाट देखिएको छ ।

उनका अनुसार कोइला डिपोको रेखदेख गर्ने दुबै जना सोही डिपोको एकतले पक्की भवनको अल्मुनियमको झ्यालढोका भएको कोठाभित्र झ्यालढोका बन्द गरी मंगलबार राति सुतेका थिए ।

बुधबार बिहान १० बजेसम्म ढोका खोली कोही पनि बाहिर ननिस्किएपछि डिपोका अन्य कर्मचारीले प्रहरीलाई खबर गरेका थिए । प्रहरीले ढोका फोडेर भित्र प्रवेश गर्दा दुबै जनाको मृत्यु भइसकेको थियो ।

प्रहरीले नारायणी अस्पतालबाट चिकित्सक लिई घटनास्थलमा अनुसन्धान अधिकृतको टोली पुगी शव जाँच प्रकृति मुचुल्का उठाएको थियो ।

# सतिदेवी माताको मन्दिर उद्घाटन



साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ थाहा नगरपालिका वडा नम्बर ६ बज्रबाराही ऐलाखमा नवनिर्मित सतिदेवी माता मन्दिरको उद्घाटन गरिएको छ ।

नवनिर्मित मन्दिरको एक समारोहबीच थाहा नगरका प्रमुख बिष्णुबहादुर बिष्टले मन्दिरको औपचारिक उद्घाटन गरेका हुन् । मन्दिरमा बुधबारबाट श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञसमेत सुरु भएको छ ।

सतिदेवी मन्दिर समुद्घाटन तथा श्रीमद्भागवत सप्ताह ज्ञान महायज्ञ २०७९ मूल आयोजक समिति संयोजक नकुल बिडारीको सभाध्यक्षतामा भएको समारोहमा वडा अध्यक्ष राजनभक्त श्रेष्ठ, पूर्व वडाध्यक्ष शशिधर सुवेदी, स्थानीय समाजसेवी ईन्द्रबहादुर श्रेष्ठ, प्रमोदकृष्ण जोशी, कल्पना बलामी, थाहा नगर स्वास्थ्य शाखा प्रमुख मेघराज बलामी, वाचन पण्डित अच्युत कृष्ण अधिकारी, वाचन पण्डित हरिशरण आचार्य, सूर्यनारायण पुजारी, भगवान उप्रेतीलगायतको आतिथ्यता थियो ।

# अर्थतन्त्रको विकासमा निजी क्षेत्रको योगदान महत्वपूर्ण छ : प्रधानमन्त्री




काठमाडौं, २७ पुस/ प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अर्थतन्त्रमा देखिएको चुनौती हल गर्न निजी क्षेत्रको योगदान महत्वपूर्ण हुने बताएका छन् ।

नेपाल उद्योग वाणिज्य संघ गोरखाले आयोजना गरेक गोरखा महोत्सवमा सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले अर्थतन्त्रलाई गति दिन सार्वजनिक-निजी क्षेत्रको सहकार्य अनिवार्य रहेकोमा जोड दिए ।

प्रधानमन्त्री भएपछि क्याबिनेटको पहिलो बैठकबाट नै अर्थतन्त्रमा सुधारका निम्ति लिनुपर्ने नीति र उपायका बारेमा गम्भीर छलफल भएको बताउँदै प्रधानमन्त्री दाहालले अर्थतन्त्रको विकासका लागि निजी क्षेत्रको प्रगति र योगदान आवश्यक भएको धारणा राखे ।

आर्थिक विकासका चुनौती हल गर्दै सामाजिक न्यायको प्रत्याभूति, सुशासन र समृद्धि हासिल गर्न सम्मानित संसदमा समेत प्रतिबद्धता व्यक्त गरेको उनले स्मरण गरे ।

# एपीएफ वागमती गोल्डकपको अन्तिम आठमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/सशस्त्र प्रहरीको एपीएफ क्लब मकवानपुरमा जारी पाँचौ संस्करणको बागमती गोल्डकप फुटबल प्रतियोगिता-२०७९ को अन्तिम आठमा प्रवेश गरेको छ ।

लिग च्याम्पियन मछिन्द्र विभागीय टोलीले १-० गोलअन्तरले पराजित गर्दै अघिल्लो चरणमा संकटसँग भेट पक्का गरेको हो । वागमती गाउँपालिका-८ स्थित जनता माविको मैदानमा भएको खेलको १४ औं मिनेटमा एपीएफका लागि मणि लामाले गोल गरेका थिए । उनले मैदानको देब्रे भागबाट प्रहार गरेको फ्रिक्कि मछिन्द्रका डिफन्डर विदेशी खेलाडी बेललाई छुदै गोलमा परिणत भएको थियो ।

खेलमा एपीएफका मणि लामा खेलको म्यान अफ दी म्याच घोषित भए । उनले नगद ५ हजार रुपैयाँ प्राप्त गरे । विहीबार हिमालयन शेर्पा र विदेशी क्लब भुटनिज स्पोर्टस् क्लबसँग प्रतिस्पर्धा गर्नेछ ।

# कर्रा-गर्दोही सडक स्तरीकरण हुने

साझाकुरा संवाददाता

हेटौंडा, २७ पुस/ वर्षौंदेखि जीर्ण बन्दै आइरहेको कर्रा चोकदेखि गर्दोहीसम्मको सडकले विस्तारै मुहार फेर्न थालेको छ ।

हेटौंडा-४ स्थित करदिखि गर्दोहीसम्मको सडक स्तरीकरण हुने भएको हो । बुधवार सडक स्तरीकरणको लागि हेटौंडा उपमहानगरपालिकाले बोलपत्र आव्हान् गरेको वडा अध्यक्ष नवीन सिग्देलले जानकारी दिएका छन् ।

कर्रा-गर्दोही खण्डको गर्दोही चौकदेखि सूर्य चौकको उकालोसम्म तीनसय ९० मिटरमा दूवैतर्फ ढल, कर्भ स्टोन, स्लोप ड्रेन, अस्पाल्ट पीच सडकको बीचमा रहेको बिजुली पोलसमेत व्यवस्थापन



गर्ने गरी बोलपत्र आव्हान् भएको अध्यक्ष सिग्देलले बताए ।

यसैगरी, प्याकेजमा पशुपति मन्दिर पूर्वी क्षेत्रका तीन वटा सडक ५ सय २५ मिटर अस्पाल्ट पीचको समेत समावेश भएको वडाध्यक्ष सिग्देलले जानकारी दिए । वडा सिलिङबाट १ करोड ४५ लाख र वडामा बिनियोजित अन्य रकम सहित भ्याटसहित करिब २ करोडमा सडक निर्माण हुन लागेको वडा अध्यक्ष सिग्देलले जानकारी दिए । बजारको मूख्य क्षेत्रको सडक भएर पनि वर्षौदेखि जीर्ण रहेको सडकको स्तरीकरणपछि स्थानीय बासिन्दासहित मकवानपुरको पूर्वी क्षेत्रका उपभोक्ता लाभान्वित हुनेछन् ।

यसअघि गर्दोही चौकदेखि पूर्वतर्फ भैरबरोडसम्म सडक स्तरीकरण भइसकेको छ भने सूर्य चौकदेखि कर्रासम्मको सडक खण्ड आगामी आर्थिक वर्षमा निर्माण कार्य अगाडि बढाइने बताइएको छ ।

# मेयर लामाले आश्रममा मनाइन् जन्मदिन

हेटौंडा, २७ पुस/ हेटौंडा उपमहानगरपालिकाकी मेयर मीनाकुमारी लामाले वृद्धाश्रमलाई खाना खुवाएर जन्मदिन मनाएकी छन् ।

मेयर लामाले बुधबार परेको आफ्नो जन्मदिन हेटौंडा-२ चौकीटोलस्थित ओम वृद्धाश्रममा मनाएकी हुन् । उनले आश्रममा आश्रित वृद्धवृद्धालाई बेलुकाको एक छाक खाना खुवाएकी थिइन् । आश्रममा २५ जना आश्रित छन् ।

कार्यक्रममा आश्रमका अध्यक्ष सिद्धिलाल श्रेष्ठ, उपाध्यक्ष बेगम बराल र सचिव फणिन्द्र तिमल्सिनालगायत उपस्थित थिए ।


## प्राइम लाइभ

प्रधानकार्यालय हात्तीसार, काठमाडौं, नेपाल
फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४, पो.ब.नं. २५९७९

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमालेखका बीमितले बीमालेख हराएको/नासिएकोले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हकदाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधिभित्र दाबी दर्ता नभएमा निवेदकको मागबमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।


**तपशिल**

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| ०१ | १५१०००६९७७ | हरिनारायण राययादव | गेडहीगुठी-०१, रौतहट |
| ०२ | १५१०००६५४५ | इस्वर अधिकारी | बैरेनी-०३, धादिङ |



## कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२



## थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६



## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१
फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।



## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.: ९८४५२९०३९१, ९८५५०८५३९१**



## कर्मचारी आवश्यकता

उपरोक्त सम्बन्धमा यस श्री गरिवी निवारण बचत तथा ऋण सहकारी संस्था लि.को संचालक समितिको मिति २०७९।०९।२४ गते बसेको बैठकको निर्णय तथा कर्मचारी छनौट उप समितिको मिति २०७९।०९।२५ गते बसेको बैठकको निर्णय अनुसार तपशिलमा उल्लेखित विवरण अनुसारको १ (एक) जना कर्मचारी करारमा नियुक्ती गर्नु पर्ने भएकोले ईच्छुक नेपाली नागरिकले दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल
१) विज्ञापन नं. :- १/०७९/०८०
२) पद :- सहायक
३) आवश्यक संख्या :- १ (एक)
४) नियुक्तिको किसिम :- करार
५) करार अवधि :- १ बर्ष
६) आवश्यक न्यूनतम योग्यता :- व्यवस्थापन संकायबाट कक्षा १२ उतीर्ण
(७) बिशेष योग्यता :- कम्पुटर तालिम प्राप्त
८) आवश्यक कागजात :- नेपाली नागरिकताको प्रतिलिपी, व्यक्तिगत बायोडाटा, शैक्षिक योग्यता, चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, स्व हस्त लिखित निवेदन, कम्पयुटर तालिम लिएको प्रमाण पत्रको प्रतिलिपि, हालसालै खिचेको फोटो २ प्रति
९) उमेर :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको
१०) परीक्षाको किसिम :- लिखित, मौखिक र प्रयोगात्मक
११) दरखास्त आईपुग्नु पर्ने मिति र समय :- मिति २०७१।०९।२६ गते देखि मिति २०७९।१०।०२ दिउसो ३:००बजे सम्म
१२) सम्पर्क मिति :- २०७९।१०।०३
१३) परीक्षा शुल्क :- ५००।-
१३) तलब तथा अन्य सुबिधा :- संस्थाको नियमानुसार

शेयर सदस्य, सदस्यको परिवार, दुईपाङ्गे सवारी चालक अनुमति पत्र भएको पुरुषलाई बिशेष ग्राहयता दिईने छ । रित नपुगी आएको दरखास्तलाई परीक्षामा संलग्न गराईने छैन ।
(कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार छनौट समितीमा निहित हुनेछ)

संयोजक
कृष्णप्रसाद सापकोटा (कर्मचारी छनौट उप समिति)

**गरिवी निवारण बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-६, हात्तिलेट
सम्पर्क नं. :९८४५०२७१८८, ०५७-५३०१७०


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादकः **सरला खनाल**, कार्यालय/मुद्रणः हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रणः** सफल छापाखाना